स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
इलाम

Green Ilam

पत्र संख्या: ०७७/७८

चलानी नं: ४०२६

१ नं.प्रदेश,नेपाल

मितिः २०७८/०२/१६

विषयः चौथो त्रैमासिक माग फारम सम्बन्धमा।

श्री सबै सामुदायिक विद्यालयहरु,
इलाम नगरपालिका इलाम।

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ को चौथो त्रैमासिक तलब भत्ता निकासाका लागि माग फारम तपसिलका कागजातहरु संलग्न राखी मिति २०७८/०२/२६ गतेसम्ममा शाखाको मेल ठेगाना shikshashakha76@gmail मा वा सोझै कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

**आवश्यक कागजातहरु:**

१. तपसिलको ढाँचामा तलबी माग फारमको पूरा विवरण तयार गरी प्रमाणित प्रति,

| क्र सं | शिक्षकको नाम थर | शुरु नियुक्ति मिति | हालको पदमा नियुक्ति मिति | तह र श्रेणी | तलब स्केल | ग्रेड संख्या | जम्मा ग्रेड रकम | क.सं. कोष थप | बिमा थप | महंगी भत्ता | जम्मा तलब | प्र.अ.भत्ता | जम्मा तलब भत्ता (१ महिनाको) | ३ महिनाको जम्मा | आ.व. २०७७/०७८ को प्राविधिक ग्रेड बापतको जम्मा रकम | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |

**नोटः** छुट प्राविधिक ग्रेड रकम पाउने शिक्षकहरुको चालु आव २०७७/७८ को साउन महिनादेखि नै एक ग्रेडको एक दिनको तलब बराबरको दरले हुन आउने दुई ग्रेडको रकम हिसाब गरी तोकिएको ढाँचाको आ.व. २०७७/७८ को प्राविधिक ग्रेड वापतको जम्मा रकममा उल्लेख गर्ने।

२. छुट प्राविधिक ग्रेड माग गर्ने शिक्षकको हाल कार्यरत तहको मिति २०५७/०४/०१ भन्दा अगाडिको स्थायी नियुक्ति पत्र र मिति २०५७/०४/०१ भन्दा अगाडि सम्बन्धित तहको तालिम प्राप्त भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (यो प्रयोजनका लागि सम्बन्धित शिक्षकले आवश्यक कागजातहरु सहित प्राविधिक ग्रेड उपलब्ध गराई पाउन विद्यालयमा निवेदन दिनु पर्नेछ।)

३. छुट प्राविधिक ग्रेड माग गर्ने शिक्षकको आर्थिक वर्ष २०७३/०७४ देखि २०७६/७७ सम्मको हकमा विद्यालयले अलगै माग फारम भरी भराई पेश गर्ने,

४. नागरिक लगानी कोष कट्टी गर्ने शिक्षकका लागि कोष परिचय पत्र नं र वार्षिक कट्टी गर्नुपर्ने रकमको विवरण (बुझाउन बाँकी विद्यालयहरुको लागि मात्र)

५. आयकर कट्टी प्रयोजनका लागि सम्बन्धित शिक्षक वा परिवारको नाममा बिमा प्रिमियम रकम तिर्ने गरेको भए आ.व. २०७७/०७८ मा प्रिमियम रकम भुक्तानी गरेको रसिदको प्रमाणित प्रतिलिपि (बुझाउन बाँकी विद्यालयहरुको लागि मात्र),

६. स्वयं कर घोषणा फारम (आ.व. २०७७/०७८ को) को प्रमाणित प्रति (बुझाउन बाँकी विद्यालयहरुको लागि मात्र)

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा इलाम नगरपालिका इलाम – वेभसाइटमा अपलोड गरिदिनुहुन।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत स्तर दशौं)